आ.व. २०८२/८३
बैठक संख्या :५

आज मिति २०८२ साल मंशिर ०९ गते मंगलबार सहिदभूमि गाउँपालिकाका अध्यक्ष श्री मनोज राईज्यूको अध्यक्षतामा सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिती

| क सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री मनोज राई | अध्यक्ष | |
| २. | श्री रत्नश्वरी राई | उपाध्यक्ष | |
| ३. | श्री रमेश कुमार राई | वडाध्यक्ष, वडा नं. १ | |
| ञ | श्री खगेन्द्र राई | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | श्री होमनाथ राई | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | श्री भिम बहादुर राई | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | श्री हेम कुमार राई | वडाध्यक्ष, वडा नं. ६ | |
| ८. | श्री बम बहादुर राई | वडाध्यक्ष, वडा नं. ७ | |
| ९. | श्री दिवानी राई | कार्यपालिका सदस्य | |
| १०. | श्री विनिता राई | कार्यपालिका सदस्य | |
| ११. | श्री मधु भण्डारी | कार्यपालिका सदस्य | |
| १२. | श्री बालिका विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १३ | श्री प्रकाश राई | कार्यपालिका सदस्य | |
| १४. | श्री सूर्यबहादुर भण्डारी | सचिव | |
| १५. | श्री सफल राई | का.बा.वडाध्यक्ष, वडा नं. ५ | |
| | अन्य उपस्थिती | | |
| १. | श्री होम बहादुर थापा | प्रशासन तथा योजना शाखा प्रमुख | |
| २. | नितेश कुमार यादव | आर्थिक प्रशासन शाखा प्रमुख | |
| ३. | निशल राई | पूर्वाधार विकास शाखा | |
| ४. | हरि कुमार राई | प्रशासन इकाई | |

**प्रस्ताव नं. १ नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन सम्बन्धमा ।**

**निर्णय नं. १** प्रदेश तथा स्थानीय शासन सहयोग सवलीकरण कार्यक्रम (प्रदेश कार्यक्रम सहयोग इकाई), विराटनगरको मिति २०८२/०७/१७ को सूचना तथा नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ को दफा ४ को उपदफा २ बमोजिम अनुसूची-२ बमोजिमको परियोजना कार्यान्वयनका लागि अवधारणापत्र स्वीकृत गरी आवश्यक कागजातहरु सहित प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम (प्रदेश कार्यक्रम सहयोग इकाई), विराटनगरमा पठाउने निर्णय गरियो ।

**परियोजनाको कुल लागतः**

| लागत | रकम रु | प्रतिशत | कार्यक्रम कार्यान्वयन अवधि |
|---|---|---|---|
| कुल लागतः | ८९,४०,०००/- | १००% | दुइ आर्थिक वर्ष |
| कार्यक्रमबाट उपलब्ध हुने रकमः | ६२,५८,०००/- | ७०% | |
| आवेदकको लागत सहभागिता रकमः | २६,८२,०००/- | ३०% | |

**प्रस्ताव नं. २ मनोसामाजिक परामर्शकर्ताको छनोट तथा सेवा करार सम्झौता सम्बन्धमा।**

**निर्णय नं. २** सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालनको लागि मनोसामाजिक परामर्शकर्ताको मासिक पारिश्रमिकको लागि रु २,०६,०००।०० बजेट प्राप्त भएको र सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१ को दफा २१ को उपदफा ४ मा मनोसामाजिक परामर्श सेवा प्रवाह गर्नका लागि सम्बन्धित

मनोज
अध्यक्ष

स्थानीय तहले कम्तिमा १ जना मनोसामाजिक परामर्शकर्ता नियुक्त गरी स्वास्थ्य शाखा मातहत परिचालन गर्नेछ भनि उल्लेख भएको र सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१ दफा १८ को उपदफा ८ (ग) मा मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह सरह) को ५०% तलव तथा सुविधा बापतको बजेट व्यवस्थापन तथा नियुक्त गरी स्वास्थ्य शाखा मातहत परिचालन गर्ने व्यवस्था भएको भए तापनि यस कार्यालयबाट आ.व. २०८२/०८३ मा विनियोजन गर्नुपर्ने ५०% बजेट रु २,०६,०००।०० विनियोजन हुन छुट भएकोले यस कार्यालय अन्तर्गत धाप स्वास्थ्य चौंकीमा सेवा करारमा कार्यरत हेल्थ असिस्टेन्ट श्री चन्द्र कुमारी राईलाई छनौट गरी उक्त मनोसामाजिक परामर्शकर्ता पदमा सम्झौतामा उल्लेख भए बमोजिम सेवा सुविधा उपलव्ध हुने गरी २०८२ साल असार मसान्तसम्म सेवा करार सम्झौता गरी कामकाज लगाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ सुकेआहाल-पोक्ला-हाङ्खा सडकको म्याद थप सम्बन्धमा ।**

**निर्णय नं. ३** सुकेआहाल-पोक्ला-हाङ्खा सडकको सहिदभूमि गाउँपालिका, धनकुटा र आनन्द पुजा जे/भीबीच मिति २०८२/०८/२९ मा कार्य सम्पन्न गर्ने गरी मिति २०८२/०४/३० मा प्रथम पटक मिति २०८२/०८/२९ सम्म समयावधि थप भएकोमा आवश्यक कच्चा पदार्थ (अलकत्र VG 30) को बजारमा अभाव भएको कारण देखाई थप भएको सम्झौता अवधिभित्र कार्य सम्पन्न गर्न नसकिएको भनि मिति २०८२/०८/०७ मा २०८२ साल चैत्र मसान्त सम्म समयावधि थपको लागि निवेदन पेश गरेको हुँदा प्राविधिक प्रतिवेदन समेतको आधारमा मिति २०८२/१२/३० सम्म उक्त आयोजनाको कार्य सम्पन्न गर्ने गरी समयावधि थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
अध्यक्ष

मनोज राई
अध्यक्ष

Sahidbhumi Rural Municipality
Office Of The Rural Municipal Executive
Dhankuta, 2073

**प्रस्ताव नं. ४ लैससास कार्यान्वयन समिति गठन सम्बन्धमा ।**

**निर्णय नं. ४** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन गर्नको लागि निम्नानुसारको लैससास कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

निम्नः

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री मनोज राई | संयोजक | |
| २ | श्री रत्नश्वरी राई | सदस्य | |
| ३ | श्री सूर्य बहादुर भण्डारी | सदस्य | |
| ४ | श्री हेमकुमार राई | सदस्य | |
| ५ | श्री विनिता राई | सदस्य | |
| ६ | श्री बालिका वि.क. | सदस्य | |
| ७ | श्री दिवानी राई | सदस्य | |
| ८ | श्री सुशिला राई | सदस्य | थलथले महिला वि.स. |
| ९ | श्री काशीराम माझी | सदस्य | मितेरी युवा क्लब |
| १० | श्री लाल बहादुर राई | सदस्य | सामुदायिक वन उपभोक्ता स. |
| ११ | श्री सुस्मिता फत्तेपुरी | सदस्य<br>सचिव | |

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
अध्यक्ष